गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय पर्वत**
कुश्मा ,नेपाल

स्वास्थ्य कार्यालय पर्वतको

# जनस्वास्थ्य बुलेटिन

वर्ष :२ अंक :७ महिना :७ भाद्र २०८१

## स्वास्थ्य कार्यक्रमको जिल्ला स्तरीय वार्षिक समिक्षा तथा योजना तर्जुमा गोष्ठी

**मिति २०८१/०५/२४ र २५ गते:** स्वास्थ्य कार्यालय पर्वतको आयोजनामा आ.व.२०८०/०८१ मा सम्पादित स्वास्थ्य कार्यक्रमको जिल्ला स्तरीय वार्षिक समिक्षा तथा योजना तर्जुमा गोष्ठी स्वास्थ्य कार्यालय पर्वतका कार्यालय प्रमुख प्रविण शर्माको अध्यक्षतामा, स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका स्वास्थ्य मन्त्री मा.कृष्णप्रसाद पाठक ज्युको प्रमुख आथित्यता तथा जिल्ला समन्वय समितिका प्रमुख विष्णुराम वि.क. को विषेश आथित्यतामा सम्पन्न भएको छ। कार्यक्रममा गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थपन केन्द्र, प्रदेश जनस्वाथ्य प्रयोगशाला, स्वास्थ्य तालीम केन्द्रका महानिर्देशक ज्युहरु, स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश चिकित्सा महाशाखा प्रमुख साथै प्रदेशका तथ्याङ्क प्रमुखहरु, पर्वत अस्पताल ब्यबस्थापन समितिका अध्यक्ष, मेडिकल सुरिटेन्डेन्ट, जिल्लाका सातै स्थानिय तहका स्वास्थ्य शाखा संयोजक तथा सहसंयोजकहरु, जिल्लाका विभिन्न सञ्चार माध्यमका संचारकर्मीहरु, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रका प्रमुख, जिल्लाका विभिन्न स्वास्थ्य क्षेत्रका विकास साझेदार संघसंस्थाहरुका प्रमुख तथा प्रतिनिधीहरु, स्वास्थ्य कार्यालयका कर्मचारीको उपस्थिती रहेको उक्त कार्यक्रमको संचालन स्वास्थ्य कार्यालयका प.नि.सु.नि नारायण प्रसाद रेग्मीले गर्नुभएको थियो। कार्यक्रममा आ व ८०/८१ मा सम्पादित कार्यक्रमहरुको जिल्ला स्तरिय प्रगती प्रस्तुतिकरण , राष्ट्रिय स्वस्थ्य कार्यक्रम जस्तै खोप तथा बाल स्वास्थ्य, पोषण, सुरक्षित मातृत्व, रोग नियन्त्रण तथा ब्यवस्थापन जस्ता विषयमा थिमेटिक सामुहिक छलफल तथा प्रस्तुति , पोस्टर प्रस्तुतिकरण , स्वास्थ्य क्षेत्रका विकास साझेदार संघसंस्थाहरुका प्रगति प्रस्तुतिकरण जस्ता कृयाकलाप गरिएको थियो। जसमा आ.व. २०८०/८१ मा सम्पादित स्वास्थ्य कार्यक्रम र विभिन्न् सूचकहरु का आधारमा प्रथम: बीहादी गाउँपालिका , द्धितीय: पैयूँ गाउँपालिका तृतीय: मोदि गाउँपालिका भएको थियो भने उत्कृष्ठ स्वाथ्य सँस्थामा प्रथम: पैंयू गा पा - त्रिवेणी स्वा चौ, द्धितीय: बीहदी गा पा - बीहदि रानीपानी स्वास्थ्य चौकी,तृतीय: बिहादी गाउँपालिका बर्रचौर स्वास्थ्य चौकी भएको थियो। पोस्टर प्रस्तुतिमा भने प्रथम: मोदी गाउँपालिका , द्धितीय: पैयूँ गाउँपालिका , तृतीय: जलजला गाउँपालिका भएको थियो। उत्कृस्ट स्थान हासिल गर्न सफल सम्पूर्ण पालिका , स्वास्थ्य संस्थाहरुलाई हार्दिक बधाई! सदैव समुदायको स्वास्थ्य सेवामा समर्पित रहनुहुनेछ भन्ने अपेक्षा सहित उत्तरोत्तर प्रगतिको कामना गर्दछौ।



















## मासिक भर्चुअल सेसन भाग ५

स्वास्थ्य कार्यालय पर्वत द्वारा शुन्य लागतमा शुरु भएको मासिक भर्चुअल सेसन भाग ५ अन्तर्गत २०८१ भाद्र महिनाको सेसन **"e -HMIS "** शिर्षकमा सम्पन्न भएको छ। उक्त सेसनको संचालन स्वास्थ्य कार्यालय पर्वतका प्रमूख प्रविण शर्माले गर्नु भएको थियो भने सहजीकरण e -HMIS कार्यक्रम सहजकर्ता गणेश थापा, बिपना भुजेल र स्वास्थ्य निर्देशनालयका तथ्याङ्क अधिकृत प्रविण भण्डारी गर्नु भएको थियो। ३ घन्टा लामो सेसनमा जिल्लाका विभिन्न स्वास्थ्य संस्था बाट जुम आइडी मार्फत करिव १२० जना भन्दा बढी स्वाथ्यकर्मीहरुको सहभागिता रहेको थियो। सहजीकरणको सबै सहजकर्ता प्रती आभार प्रकट गर्न चाहन्छौ।



## न्युनतम सेवा मापदण्ड कार्यक्रम

स्वाथ्य कार्यालय पर्वत र मोदी गाँउपालिकाको आयोजनामा क्याङ स्वास्थ्य चौकी (भाद्र २ गते) तथा राम्जा तिलाहर स्वास्थ्य चौकी (भाद्र ३१ गते) मा न्युनतम सेवा मापदण्डको अनुगमन तथा मुल्यांकन कार्यक्रम सम्पन्न भएको छ। जसको सहजिकारण स्वास्थ्य कार्यालय पर्वतका अन्जली पी.सी., प्रकाश गौतम, तेज प्रसाद सुवेदी र मोदि गाउपालिका स्वास्थ्य शाखा सह संयोजक प्रकाश सुवेदीले गर्नुभएको थियो। **मूल्याङ्कनमा क्याङ स्वास्थ्य चौकीले ७३% अंक प्राप्त गरेको छ भने राम्जा तिलाहर स्वास्थ्य चौकीले ९२ % अंक प्राप्त गरेको छ।** मूल्यांकन पश्चात संस्थालाई सुधार गर्न स्वाथ्य संस्था ब्यवस्थापन समितीका सदस्यहरूले प्रतिबद्धता दिँदै सुधारका लागि कार्ययोजना पनि बनाइएको थियो।





## लामखुट्टेको वासस्थान खोजौं र नष्ट गरौं" अभियान

**मिति २०८१/५/७ गते:** स्वास्थ्य कार्यालय पर्वतको आयोजना तथा कुश्मा नगरपालिका स्वास्थ्य शाखाको समन्वयमा जिल्ला प्रशासन कार्यालयमा आयोजित नियमित कार्यालय प्रमुखको वैठकमा डेंगु लगायत किटजन्य रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि **"लामखुट्टेको वासस्थान खोजौं र नष्ट गरौं"** अभियान अन्तर्गत सरोकारवालाहरु संग अन्तर्कृया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ। प्रमुख जिल्ला अधिकारी श्रीमान केदारनाथ शर्माको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको सहजिकरण स्वास्थ्य कार्यालयका कार्यक्रम फोकल पर्सन तेज प्रसाद सुवेदीले गर्नु भएको थियो भने कार्यक्रम संचालन प्रशासकिय अधिकृत अर्जुन शर्माले गर्नुभएको थियो।







डेंगु लगायत किटजन्य रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि **"लामखुट्टेको वासस्थान खोजौं र नष्ट गरौं"** अभियानमा नारायण माध्यमिक विद्यालयका विद्यार्थीहरूले सक्रिय रूपमा कार्य गरेका छन्। जिल्लामा डेङ्गुको प्रकोप बढ्दै गएपछि, उनीहरूले "जुनियर रेडक्रस सर्कल" अन्तर्गत डेङ्गुको विरुद्धमा विद्यालय परिसरमा सरसफाइ एवम् लार्भा नस्ट गर्ने कार्य  गरेका छन्। विद्यार्थीहरूको यो सक्रियताले स्वास्थ्य सुरक्षामा सकारात्मक प्रभाव पर्ने छ।









# पर्वत जिल्लामा डेंगुको अवस्था



## डेंगी ज्वरो (Dengue Fever)

### परिचय

डेंगी ज्वरो अरु मौसमी ज्वरो जस्तै हो । डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाइबाट मानिसमा सर्दछ ।

### लामखुट्टेले टोक्ने समय

एडिज जातको लामखुट्टेले प्राय गरेर दिनमा टोक्दछ, यद्यपी घाम उदाएको २ घण्टा पछाडी र घाम अस्ताउनु भन्दा २ घण्टा अगाडी यो लामखुट्टे बढी सक्रिय हुने हुनाले सो समयमा थप सचेत हुनुपर्छ ।

### लामखुट्टे वृद्धि विकास हुने स्थान

एडिज लामखुट्टेले सफा जमेको थोरै पानीमा पनि फूल पार्दछ, खासगरी पानी जम्ने टिनका डब्बाहरु, प्लास्टिकका बोतल, प्लास्टिकका खोल, टायर, सिसी, अन्डाको बोक्रा, ड्रम, बाटा, बाल्टिन, फुलदानी, गमला, कुलर, पानीका ट्यांकी आदिमा लगायत जुनसुकै पानी जम्ने भाँडा तथा स्थानहरु जस्तै छाना, कौसी, बरन्डा, ढल, नाली, कुलो, आदिमा फुल पार्छ र यो लामखुट्टेको वृद्धि विकास हुन्छ ।

### लक्षणहरु

डेंगीको मुख्य लक्षण एक्कासी उच्च ज्वरो आउनु हो, यो ज्वरो ५-७ दिनसम्म रहन सक्छ, ज्वरोसँगै निम्न लक्षणहरु देखापर्छन् :

- बेस्सरी टाउको दुख्ने,
- आँखाको गेडी दुख्ने,
- हाडजोर्नी र मांसपेशीहरु र ढाड दुख्ने,
- शरीरमा विबिरा आउने,
- रिंगटा लाग्ने,
- वाकवाकि / वान्ता हुने,

यसका साथै लगातार बान्ता हुने, बान्तामा रगत देखा पर्ने, धेरै पेट दुख्ने, स्वासप्रस्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि लक्षणहरु देखापर्नु डेंगीको जटिल अवस्थामा हो ।

### डेंगी ज्वरोको उपचार

- डेंगी भाइरसबाट हुने भएकोले यसको खास उपचार छैन । यो आफै निको हुन्छ ।
- उच्च ज्वरो कम गर्न पारासिटामोल खाने तर ब्रुफिन, एस्प्रिन जस्ता दुखाई कम गर्ने औषधि नखाने,
- पानी तथा झोलिलो तथा पोषिलो खाने कुरा प्रशस्त मात्रामा खाने,
- पूर्ण रुपमा आराम गर्ने ।

डेंगीको जटिल लक्षणहरु देखिएमा तत्काल नजिकैको स्वास्थ्य संस्थामा लैजानु पर्दछ, डेंगी रोग भएका बालबालिका, वृद्धवृद्धा, दिर्घ रोगी र गर्भवतीहरुको विषेश ध्यान दिनु पर्छ ।

### बच्ने उपाय

डेंगी ज्वरोबाट बच्न लामखुट्टेको टोकाईबाट बच्ने :

- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पुरा बाहुला भएको पूरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरु अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने ।

### लामखुट्टेको वृद्धि विकास नियन्त्रण गर्ने:

- आफ्नो घर वरिपरी, कार्यस्थल र सार्वजनिक स्थानहरुमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जमिहालेको खण्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- दैनिक प्रयोजनको लागि राखेको पानी लामखुट्टे प्रवेश गर्न नदिने गरी ढाकेर राख्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने, त्यस्तै भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरि विसर्जन गर्ने,

**लामखुट्टेको टोकाईबाट बच्नु नै डेंगी रोगबाट बच्ने मुख्य उपाय हो ।**

यस सम्बन्धी थप जानकारीको लागि नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्नुहोला ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र
टेकु, काठमाडौं
२०७६/०७७

## जेष्ठ नागरिक सेवा तथा नसर्ने रोगको परिक्षण शिविर सन्चालन

मिति २०८१/०५/ २३ गते देखि ०५ /३१: जलजला गाउँपालिकाको आयोजनामा पालिका अन्तर्गतका ९० वटा टोलमा ज्येष्ठ नागरिक सेवा तथा नसर्ने रोगको परिक्षण शिविर सम्पन्न भएको छ। उक्त शिविरमा रक्तचाप , रगतमा गुल्कोज को मात्र , पिशाव परिक्षण , पोषण स्तिथी ,दृष्टि परिक्षण, कान सुन्ने नसुन्ने ,मानशिक अबस्था , डिप्रेसन ,गतिशिलता परिक्षण गरिएको छ। यस शिविरवाट हाल सम्म ८०० सेवाग्राहीले सेवा लिएका छन।
















# "एक स्वास्थ्यकर्मी , एक स्वास्थ्य शिक्षा हाम्रो अभियान" अन्तगर्तको विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम

## भाद्र महिनाको स्वास्थ्य शिक्षा विषय: आत्महत्या न्यूनीकरण, किशोरावस्था र स्वास्थ्य सेवा, डेंगु नियन्त्रण













## कुश्मा नगरपालिका

१. कुश्मा नगरपालिका स्तरिय समिक्षा तथा योजना तर्जुमा कार्यक्रम सम्पन्न
२. डेंगी रोकथामका लागि कुश्मा नगरपालिकाको वार्ड नं ४,५,६ र ७ मा वार्ड स्तरिय अभिमुखिकरण कार्यक्रम संचालन गरि खोज तथा नष्ट गर अभियान संचालन
३. आत्महत्या तथा Dengue रोग तथा किशोर किशोरी लक्षित गरी सबै माध्यमिक विद्यालय तथा स्वास्थ्य आमा सामुहहरुमा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन
४. पालिका स्तरिय आर आर टि समितीको अभिमुखिकरण सम्पन्न

## फलेबास नगरपलिका

१. मासिक समिक्षा वैठक तथा उत्कृष्ठ स्वास्थ्य संस्था पुरस्कृत कार्यक्रम सम्पन्न
२. फलेवास नगरपालिका स्तरिय समिक्षा तथा योजना तर्जुमा कार्यक्रम सम्पन्न
३. आत्महत्या तथा Dengue रोग सम्बन्धि विभिन्न विद्यालय तथा स्वास्थ्य आमा सामुहहरुमा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन।
४. ९७ स्वास्थ्य आमा सामुहको मासिक बैठक सम्पन्न
५. स्वास्थ्य तर्फका कार्यक्रमको बार्षिक कार्ययोजना तयार

## मोदी गाउँपालिका

१. आ.व. २०८०/०८१ मा सम्पादित स्वास्थ्य कार्यक्रमहरुको पालिका स्तरीय बार्षिक समिक्षा २०८१/०५/१६ मा सम्पन्न
२. १० शैयाको आधारभूत अस्पताल स्थापनाका लागि बिभिन्न मितिमा कार्यपालिका बैठकमा छलफल तथा समन्वय, बिभिन्न अस्पतालहरुको अध्ययन तथा अवलोकन,
३. स्वास्थ्य संस्थाहरुलाई नियमित रुपमा औषधि वितरण,
४. डेंगु रोग, किशोरकिशोरी अवस्था र स्वास्थ्य विषयमा स्वास्थ्य संस्थाहरुद्वारा बिद्यालय तथा समुदायमा स्वास्थ्य शिक्षा तथा सचेतनामुलक कार्यक्रमहरु संचालन,
५. क्याङ्ग स्वास्थ्य चौकीमा न्युनतम सेवा मापदण्ड कार्यक्रम समिक्षा तथा फलो अप सम्पन्न ।

## जलजला गाउँपालिका

१. आ व २०८०/०८१को वार्षिक स्वास्थ्य प्रतिवेदन प्रकाशित
२. नियमित मासिक बैठक सम्पन्न
३. आत्महत्या न्यूनिकारणका लागि स्थानिय तह स्तरिय समिति गठन
४. डेंगु रोग , किशोरकिशोरि अबस्था आत्महत्या न्युनिकरण सम्वन्धि विद्धयालय शिक्षा तथा अन्तरक्रिया कार्यक्रम समपन्न
५. ज्येष्ठ नागरिक तथा नसर्ने रोगहरू को परिक्षण शिविर सवै वडाहरू को टोल टोलमा संचालन

## महाशिला गाउँपालिका

१. मासिक समिक्षा वैठक तथा उत्कृष्ठ स्वास्थ्य संस्था पुरस्कृत कार्यक्रम
२. पालिका स्तरिय समिक्षा तथा योजना तर्जुमा कार्यक्रम
३. जिल्ला स्तरिय समिक्षा तथा योजना तर्जुमा कार्यक्रम
४. सबै वडाहरूमा ग्रामीण भिडियो एक्स-रे सेवा कार्यक्रम संचालन
५. आत्महत्या तथा Dengue रोग सम्बन्धि विभिन्न विद्यालयहरुमा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन

## बिहादी गाउँपालिका

१. मासिक समिक्षा तथा श्रावण महिनाको डाटा verification
२. वडा स्तरीय आत्महत्या न्यूनीकरण समन्वय समिति गठन
३. स्वास्थ्य संस्थाहरु द्वारा विद्यालयहरूमा Dengue रोग नियन्त्रण सम्बन्धी स्वास्थ्य शिक्षा प्रदान तथा समुदायमा लामखुट्टे लार्भा खोज र नष्ट गर अभियान सञ्चालन
४. आत्महत्या न्युनिकरणका लागी विद्यालय तथा समुदाय स्तरमा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन
५. स्वास्थ्य कार्यक्रमको वार्षिक समिक्षा तथा योजना तर्जुमा कार्यक्रम सम्पन्न

## पैयु गाउँपालिका

१. विद्यालयहरूमा Dengue रोग सम्बन्धी स्वास्थ्य शिक्षा प्रदान
२. आत्महत्या न्यूनिकरणका लागी स्थानिय तह स्तरमा स्वास्थ्य शाखा संयोजक हुने गरी कार्यदल गठन
३. आत्महत्या न्यूनिकरणका लागी विद्यालयहरूमा र समुदाय स्तरमा स्वास्थ्य प्रदान
४. वार्षिक समिक्षा तथा योजना तर्जुमा कार्यक्रम सम्पन्न
५. मासिक समिक्षा बैठक तथा उत्कृष्ट स्वास्थ्य संस्था पुरस्कृत

गर्मी तथा वर्षायामसंगै फैलने
झाडा पखाला तथा हैजा जस्ता पानीजन्य रोगहरूबाट बचन
पानी उमालेर वा क्लोरिन प्रयोग गरी
शुद्धिकरण गरेर मात्र प्रयोग गरौं ।

सघन न्युज
saghannews.com सघन: खँदिलो र गम्भीर

## पर्वतमा झन्डै छ सय जनामा डेंगु सङ्क्रमण, ८३ प्रतिशत कुश्माका मात्रै



पर्वत : गत साउनयता पर्वतका झन्डै छ सय जनामा डेंगुको सङ्क्रमण भएको पुष्टि भएको छ ।

स्वास्थ्य कार्यालय पर्वतका प्रमुख प्रवीण शर्माका अनुसार साउन एक गतेयता भदौ २३ गतेसम्मको तथ्याङ्क अनुसार कुल पाँच सय ९० जनामा सङ्क्रमण भएको छ । गत वर्षको बर्षायाम र गर्मी समयमा जिल्लाका कुल दुई सय २५ जनामा सङ्क्रमण भएकोले यस वर्ष भने जोखिमको समय अझै करिब एक महिना काम रहेकै बेलामा गत वर्षको तुलनामा एक सय ६२ प्रतिशतले सङ्क्रमितहरुको सङ्ख्या बढेको हो ।

थाहा खबर
निष्पक्ष सक्रियताको अभ्यास

गृहपृष्ठ › समाज

## विद्यार्थी डेंगुको जोखिममा भएपछि पर्वतका विद्यालयमा सरसफाइ अभियान

थाहा संवाददाता | भदौ ११, २०८१ मंगलबार




भर्खरै

भदौ ३१, २०८१
मेटमणि देशद्रोही हुन्, यिनलाई मुद्दा लगाउनुपर्छ : सांसद ढकाल

भदौ ३१, २०८१
राष्ट्रपति पौडेलद्वारा संसद्को चालु अधिवेशन अन्त्य

भदौ ३१, २०८१
संसद् अवरोध गर्दैनौं, जनयुद्धलाई हिंसा भनेको पनि मान्दैनौं : माओवादी

भदौ ३१, २०८१

सुनौलो खबर
निष्पक्ष र सत्य समाचारको साधमा तपाईको खबर

गण्डकी प्रदेश । मुख्य समाचार । समाचार । समाज । स्वास्थ्य / जीवनशैली

## स्वास्थ्य क्षेत्रको नितिगत सुधार गर्छू , मन्त्री पाठक

By सुनौलो खबर

भाद्र २५ पर्वत /
गण्डकी प्रदशेका स्वास्थ्य मन्त्री कृष्ण प्रसाद पाठकले स्वास्थ्य क्षेत्रको नितिगत सुधार आफ्नो पहिलो प्राथामिकता रहेको वताउनुभएको छ ।

सोमवार पर्वतको कुश्मामा स्वास्थ्य कार्यालय पर्वतले आयोजना गरेको जिल्ला स्तरिय वार्षिक समिक्षा तथा योजना गोष्टीको उद्घाटन गर्दै मन्त्री पाठकले नागरिकहरुको पहिलो प्राथामिकता स्वास्थ्य रहेकोले स्वास्थ्य क्षेत्र प्रभावकारी रुपमा संचालन गर्न नितीगत निणर्य आवश्यक रहेको वताउदै स्वास्थ्य क्षेत्र नागरिक मैत्री वनाउन के कस्तो निणर्य गर्नुपर्नेहो सो विषय आफ्नो पहिलो प्रथामिकता रहेको वताउनु भयो ।




प्रदेशका ११ वटै जिल्लामा पुगेर अन्तरक्रिया गर्ने योजना राखेको छु । स्थानिय पालिकाहरु संग समन्वय र प्रदेश सरकारको साझेदारीमा स्वास्थ्यको क्षेत्रमा केही परिवर्तन गर्छु पाठकले वताउनु भयो ।

gandaknews
सोमबार, ३१ भाद्र २०८१

## स्वास्थ्य क्षेत्र गण्डकी सरकारको प्राथमिकता : स्वास्थ्यमन्त्री पाठक

गण्डक न्यूज | मङ्गलबार, २५ भाद्र २०८१




गण्डक न्यूज
२५ भाद्र २०८१

**पोखरा ।** गण्डकी प्रदेश सरकारका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले प्रदेशलाई स्वास्थ्य क्षेत्रमा अब्बल बनाउनेतर्फ आफ्नो र प्रदेश सरकारको ध्यान केन्द्रीत रहेको बताएका छन् । स्वास्थ्य कार्यालय पर्वतले आयोजना गरेको आर्थिक वर्ष २०८०/८१ जिल्ला स्तरीय वार्षिक प्रगति समीक्षा तथा योजना तर्जुमा गोष्ठी कार्यक्रममा सोमबार मन्त्री पाठकले जनताको स्वास्थ्य र स्वास्थ्य क्षेत्र आफूहरुको प्राथमिकता रहेको सुनाए ।

भर्खरै
सुनको मूल्यमा दिनदिनै नयाँ रेकर्ड, तोलाको कति
भाद्र ३१, २०८१
लमजुङको ढुम्रे–बेँसीशहर सडक खुल्यो
भाद्र ३१, २०८१
नारायणगढ–मुग्लिन सडक एकतर्फी सञ्चालन
भाद्र ३१, २०८१
आज मोहम्मद जयन्ती, मुस्लिम धर्मावलम्बीका

# परिवारमा कसैलाई डेंगी लागेको छ भने अन्य सदस्य कसरी जोगिने ?

यदि परिवारको कुनै सदस्यलाई डेंगी लागेको छ भने अन्य सदस्यलाई डेंगी लाग्न नदिन निम्न उपाय अपनाऔं:-



- सङ्क्रमितलाई झुल भित्र मात्र आराम गराउने वा सुताउने
- सङ्क्रमितको हेरचाहमा खटिँदा पूरा बाहुला भएको लुगा लगाउने
- लामखुट्टे धपाउन धूप, कोइल वा लिक्विड बाल्ने
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने
- घर वरपर पानी जम्न नदिने

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र